आज वि.सं. २०८१ मंसिर २८ गते शुक्रबार, ई.स. २०२४ डिसेम्बर १३, तिथि- मार्ग शुक्लपक्ष त्रयोदशी, भरणी- नक्षत्र, ०६:५० बजेपछि कृत्तिका, शिव- योग, कौलव- करण, चन्द्रराशि- मेष, सूर्योदय- ६:४७, सूर्यास्त- १७:०८ ।



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : तीर्थव्रत तथा देवालय आदिको भ्रमण हुन सक्छ ।
वृष : सरकारी कडिकडाउको शिकार भइनेछ ।
मिथुन : आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।
कर्कट : शत्रुले पनि काममा साथ दिने परिस्थिति बन्नेछ ।
सिंह : हिम्मतले काम लिन नसक्दा केही पछि परिनेछ ।
कन्या : आश्वासन दिनेहरूबाट नै धोका पाइने छ ।
तुला : बिग्रिएको सम्बन्ध र विगतका कमजोरीलाई सुधार गर्ने मौका छ ।
वृश्चिक : प्रियजनसँगको भेटघाटले दिन रमाइलो बनाउनेछ ।
धनु : लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ
मकर : आफन्त वा साथीभाइले गर्नैपर्ने काममा समेत सघाउ पुऱ्याउने छैनन् ।
कुम्भ : विवादले खिन्न बनाए पनि आत्मबल र हौसलामा कमी आउने छैन ।
मीन : अरूका काममा महत्त्वपूर्ण समय बित्न सक्छ ।

# अख्तियारद्वारा सर्वोच्चमा पुनरावेदन

**हिमालय टाइम्स**
काठमाडौं, २७ मंसिर



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतको भ्रष्टाचारसम्बन्धी फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ । रोल्पाको गंगादेव गाउँपालिकाको घोरानेटी खोलादेखि घोरानेटी गाउँसम्म सोलार पम्पिङ खानेपानी निर्माण योजनामा आर्थिक अनियमितता भएको आरोपमा अख्तियारले मुद्दा दायर गरे पनि विशेष अदालतले सफाइ दिएको थियो ।

आयोगले सकल देव यादव, कृष्णबहादुर घर्ती, नवीन डाँगी, रोशनी बिष्ट, बलबहादुर बस्नेत, मनबहादुर डाँगी, खडकबहादुर डाँगी, चन्द्र कुमारी डाँगी, रिता घर्ती, गनबहादुर भण्डारी, कुल बहादुर योगी, भुपाल दमाई र टिका विकलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो ।

विशेष अदालतले २०८० चैत १४ गते योजनामा जडान गरिएका पाइपको परिमाण र साइज फरक देखाइएको विवरणलाई विश्वास गर्ने आधार नभएको भन्दै प्रतिवादीहरूलाई सफाइ दिएको थियो ।

अदालतले योजनाको उद्देश्यअनुसार खानेपानी सञ्चालनमा रहेको र लाभान्वित समुदायले कुनै गुनासो नगरेको भन्ने आधारमा फैसला गरेको आयोगको भनाइ छ । तर, अख्तियारले उक्त फैसलाप्रति असहमति जनाउँदै, त्रुटिपूर्ण ठहर गरेको छ ।

अख्तियारले योजनाका विभिन्न संरचनाहरूमा कुल चार लाख ६६ हजार ४८८ रूपैयाँ ९८ पैसाको अनियमितता भएको स्पष्ट प्रमाण रहेको दाबी गरेको छ । प्रतिवादीहरूले योजनाको काम अधुरो राखी झुट्टा बिलमार्फत बढी भुक्तानी लिएको आयोगको दाबी छ ।

अख्तियारले पुनरावेदनमा परियोजनाका धारा तथा पाइपलाइनबारे स्थलगत निरीक्षणबाट पुष्टि भएको प्रतिवेदन र प्रतिवादीहरूको बयानका आधारमा विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको जनाउँदै बदर गर्न माग गरेको छ ।

आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार अख्तियारले यस प्रकरणमा कानूनी सिद्धान्तको समेत उल्लंघन भएको ठहर गरेको छ ।

## कानुन निर्माणमा...

« पृष्ठ १ बाट क्रमशः

प्रारम्भ गर्न आवश्यक निर्देशन दिन, प्रदेश र स्थानीय तहले बनाउनुपर्ने कानुन बने/नबनेको सम्बन्धमा प्रदेश र स्थानीय तहका पदाधिकारीसँग छलफल गर्नुपर्ने तथा संविधानमा उल्लिखित नीति कार्यान्वयन गर्न आवश्यक कानुन नबनाइएकोमा सम्बन्धित मन्त्रालयका पदाधिकारीसँग छलफल गर्न सुझाव दिएको छ । संविधानअनुसार बन्न बाँकी कानुन कार्यान्वयनको अवस्था अध्ययन गर्न गठित समितिले २०८० भदौ १० गते राष्ट्रिय सभामा प्रतिवेदन पेस गरेको थियो । उक्त प्रतिवेदनमा बन्न बाँकी कानुन अविलम्ब निर्माण एवं कार्यान्वयन गरी नागरिकमा सुशासनको प्रत्याभूति गराउन सिफारिश गरेको थियो । २०८० भदौ १८ गते प्रतिवेदन माथिको छलफलका क्रममा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कानुन बनाउन सरकार प्रतिबद्ध र क्रियाशील रहेको बताउनुभयो । त्यसपछि पनि संघीय संसद्को दुवै सभामा विभिन्न समयमा जवाफ दिने क्रममा प्रधानमन्त्रीले समितिको सिफारिश कार्यान्वयन भइरहेको बताए पनि हालसम्म दुईवटा विधेयक मात्रै तयार भएका छन् । सोही प्रतिवेदनसँग सम्बन्धित रहेर मौलिक हक कार्यान्वयनका लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्न राष्ट्रिय सभामा संकल्प प्रस्ताव दर्ता भएको थियो । छलफलपछि सभाका अध्यक्षले सिफारिश कार्यान्वयन गर्न सरकारलाई रुलिङ गर्नुभएको थियो ।

उपसमितिले प्रदेश र स्थानीय तहले बनाउने कानुनको एकीकृत अभिलेखसमेत नरहेको जनाएको छ । संघ, प्रदेश र स्थानीय तह ऐन, २०७७ ले प्रदेश र स्थानीय तहले बनाएको कानुनसमेत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनुपर्ने र मन्त्रालयले सोसम्बन्धी अभिलेख राख्नुपर्ने व्यवस्था गरेको छ । संविधानअनुसार बन्न बाँकी कानुनको अध्ययन प्रतिवेदनले अर्थ मन्त्रालयसँग सम्बन्धित करसम्बन्धी कानुनलाई एकीकृत गरी दोहोरोपनाको अन्त्य गर्ने कानुन तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित महाअभियोगसम्बन्धी विषय, कानुनी सहायतासम्बन्धी विषय, संघीय संसद् को विशेषाधिकारको विषय लगायतका कानुन बन्नुपर्ने पहिचान गरेको थियो । त्यसैगरी, गृह मन्त्रालयले नेपाल नागरिकतासम्बन्धी कानुन, नेपाल प्रहरी कानुन, सम्पत्तिको हक, अधिग्रहण र क्षतिपूर्तिसम्बन्धी विषय लगायतका र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउने विषय, नेपाल विशेष सेवाको गठन तथा सञ्चालनसम्बन्धी विषय लगायतमा कानुन बनाउनुपर्ने हो ।

२०७४ मंसिरको चुनावबाट चुनिएको संसद्ले १०२ वटा कानुन बनाएको थियो । संविधानअनुसार संघीय संसद् बसेको तीन वर्ष भित्रमा संविधानसँग बाझिएका कानुनहरू संशोधन गर्नुपर्ने बाध्यात्मक संवैधानिक व्यवस्था छ । तर, मुलुकको लागि अति आवश्यक र संघीयता कार्यान्वयनका लागि नभई नहुने कानुनहरू बन्न सकेका छैनन् । कानुनको अभावमा संविधानको प्रभावकारी कार्यान्वयन हुन सक्दैन भन्ने प्रमाण संघीय निजामती सेवा विधेयक नबन्दा परेको असर देखिएको छ ।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Surkhet

**Road Division Jumla**

**Invitation for Bids No: 03/081/82**

**Date of publication: 2081/08/28 (2024/12/13)**

1. Road Division Jumla invites online bids under e-procurement system from eligible bidders for the procurement of following works:

| SN | Contract ID | Description and Location of work | Estimate Amount (NRs) (Excluding VAT & Contingency ) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | RDJML/337310113 /081/82-14 | Rehabilitation Works along Surkhet Tallo Dungeshor-Satkhamba-Dullu-Pipalkot-Khulalu-Manma-Nagma-Jumla Sadak, (NH61-003, Nagma- Jumla Khalanga ), Ch:74+000 to 82+000 | | 5000 | 1,070,000.00 | Single Stage Double Envelope |
| 2 | RDJML/337310113 /081/82-15 | Rehabilitation Works along Surkhet Tallo Dungeshor-Satkhamba-Dullu-Pipalkot-Khulalu-Manma-Nagma-Jumla Sadak, (NH61-003, Nagma- Jumla Khalanga ), (Khulalu - Ghodena / Ch:82+000 to 89+000) | 14,569,172.55 | 3000 | 370,000.00 | Single Stage Single Envelope |
| 3 | RDJML/337310113 /081/82-16 | Rehabilitation Works along Surkhet Tallo Dungeshor-Satkhamba-Dullu-Pipalkot-Khulalu-Manma-Nagma-Jumla Sadak, (NH61-004, Ghodena-Nagma Section/ Ch: 98+000 to 105+130) | | 5000 | 1,070,000.00 | Single Stage Double Envelope |
| 4 | RDJML/337310113 /081/82-17 | Rehabilitation Works along Surkhet Tallo Dungeshor-Satkhamba-Dullu-Pipalkot-Khulalu-Manma-Nagma-Jumla Sadak, (NH61-004, Ghodena-Nagma Section/Ch:105+130 to 116+000) | | 5000 | 1,070,000.00 | “ “ |
| 5 | RDJML/337310113 /081/82-18 | Rehabilitation Works along Surkhet Tallo Dungeshor-Satkhamba-Dullu-Pipalkot-Khulalu-Manma-Nagma-Jumla Sadak, (NH61-004, Ghodena-Nagma Section/Ch:116+000 to 121+260) | 12,899,016.14 | 3000 | 330,000.00 | Single Stage Single Envelope |
| 6 | RDJML/337310113 /081/82-19 | Road & Traffic Safety Works along Karnali Highway NH61 (Khulalu-Manma-Nagma Section), Kalikot | 4,272,969.63 | 3000 | 110,000.00 | “ “ |
| 7 | RDJML/33701136 /081/82-20 | Road & Traffic Safety Works along Karnali Highway NH61, (Nagma-Jumla Khalanga Section), Jumla | 14,095,920.22 | 3000 | 360,000.00 | “ “ |
| 8 | RDJML/337310113 /081/82-21 | Road Upgrading & Improvement Works along Regil dekhi Chwok Hudai Lusaserjeula Swastha Chauki Samma Sadak | 2,563,051.28 | 3000 | 70,000.00 | “ “ |
| 9 | RDJML/337310113 /081/82-22 | Road Improvement and Upgrading Works along Jogi Bada Dekhi Syan Jilaula Samma Sadak Soru Na.Pa.2 Mugu | 2,138,891.40 | 3000 | 60,000.00 | “ “ |
| 10 | RDJML/33701138 /081/82-23 | Upgrading & Improvement of Road including Structural Works along Thanmare-Chaurjahari-Jajarkot khalanga-Jumla Kudari-Mugu Rara (Rara Highway) NH-56 (Bhulbule-Pina Section) | | 5000 | 810,000.00 | Single Stage Double Envelope |
| 11 | RDJML/33701138 /081/82-24 | Road Upgrading & Improvement works (Roadway Excavation and structure work) along Rara Highway NH56 (Topla-Jumla-Mugu Rara Section), Topla-Triveni Section | 17,093,675.08 | 3000 | 430,000.00 | Single Stage Single Envelope |
| 12 | RDJML/337310113 /081/82-25 | Road side & cross drainage Maintainance work along Karnali Highway NH61, Ghodena-Nagma-Jumla section. | 5,558,752.15 | 3000 | 140,000.00 | “ “ |
| 12 | RDJML/337310113 /081/82-25 | Road side & cross drainage Maintainance work along Karnali Highway NH61, Ghodena-Nagma-Jumla section. | 5,558,752.15 | 3000 | 140,000.00 | “ “ |

2. Details of Bid:

| S. N. | Last Date of Bid Submission | Bid Opening Date, Time & place | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 2025/01/13 (AD) | 2025/01/13 (AD) | 2025/01/03 (AD) | 90 days for single stage single envelope & 120 days for single stage double envelope from bid submission due date | Minimum 30 days beyond bid validity period | |

3. Eligible Bidders are advised to visit the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact to Road Division Jumla, Email : sadakjumla@gmail.com.

**Division Chief**


## पत्रकार महासंघको...

« पृष्ठ १ बाट क्रमशः

महासंघको वरिष्ठ उपाध्यक्षका लागि दीपक आचार्य र रोशन पुरी, महिला उपाध्यक्षमा नितु पण्डित र गंगा पौडेल, समावेशी उपाध्यक्षमा उमिद बागचन्द र सुभाषप्रसाद साह, महासचिवमा रामप्रसाद दाहाल, लेखनाथ न्यौपाने र जन्मदेव जैसी उम्मेदवार रहेका छन् । निर्वाचनबाट लेखा समितिसहित ४९ जना केन्द्रीय समितिमा निर्वाचित हुनेछन् ।

प्रत्यक्ष निर्वाचन प्रणालीका आधारमा हुने निर्वाचनका लागि ७७ वटै जिल्लामा मतदान केन्द्र तोकिएको छ । प्रतिष्ठान शाखा र एसोसिएट संस्थाहरूको मतदानका लागि पनि काठमाडौंका विभिन्न स्थानमा मतदान केन्द्र तोकिएको छ । सूचना विभागबाट जारी प्रेस पास र सरकारी परिचयपत्रका आधारमा मतदान गर्न सकिने निर्वाचन समितिले जनाएको छ । देशभर हुने निर्वाचनको मतगणना सम्बन्धित जिल्लामा हुने र एक साताभित्र सम्पूर्ण परिणाम सार्वजनिक गरिने निर्वाचन समितिले जनाएको छ । महासंघको गत चैतमा हुनुपर्ने निर्वाचन विविध कारणले अहिले हुन लागेको हो ।

## त्रिविमा 'मेरिटोक्रेसी'कै...

« पृष्ठ १ बाट क्रमशः

आउनुपऱ्यो । शिक्षा क्षेत्र मुक्तमनले चल्नुपर्छ तर, त्रिवि आफ्ना नियम र कानुनको परिधिमा रहेर चल्नुपर्छ,' प्रधानमन्त्री ओलीले भन्नुभयो, 'त्रिविको स्वायत्तता व्यक्तिगत होइन, त्यो स्वायत्तता सिनेटमार्फत अधिकार प्रत्यायोजन गर्दै लगिने विषय हो । त्रिविमा मेरिटोक्रेसी हुनु राम्रो हो तर, त्यो साँच्चैको हुनुपर्छ ।

त्यसका नाममा ड्रामा चल्नु हुनु हुँदैन ।' प्रधानमन्त्री ओलीले सिनेट बैठकलाई दिनभर छलफल र विवाद गर्ने ढाँचामा नभई मर्यादित, व्यवस्थित, रचनात्मक र परिपक्व रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । सिनेटका सदस्यहरूले पनि सकारात्मक परिणाम ल्याउने कार्यसूची ल्याउन सक्रियताका साथ भूमिका निर्वाह गर्नुपर्ने उहाँले बताउनुभयो ।

## त्रिविमा मैले...

« पृष्ठ १ बाट क्रमशः

पार्नुभयो । 'के भएर डिन नियुक्तिमा विलम्ब भयो ? नाम निकाल्नुहोस् । निष्पक्ष ढंगले काम होस् । मबाट हस्तक्षेप भएको छैन । तर, मेरो नाम आउँछ । अरू के भयो थाहा छैन । मेरोबाट विलम्ब भएको छैन,' उहाँले भन्नुभयो, ''कुलपतिले हस्तक्षेप गऱ्यो भनिन्छ । प्रधानमन्त्रीलाई गाली नगरी हुँदैन । हस्तक्षेप हुँदैन । हस्तक्षेप होइन संस्थाले निर्णय गर्छ ।'

### अबदेखि कीर्तिपुर क्याम्पसमा पिएचडी शिक्षक मात्र हुने

त्रिभुवन विश्वविद्यालयको नीति अधिवेशनले ११ बुँदे प्रस्ताव पारित गरेको छ । बिहीबार बसेको त्रिवि सभामा पेस भएका १२ बुँदामध्ये ११ प्रस्ताव पारित गरेको हो । पारित प्रस्तावमा विश्वविद्यालयको प्राध्यापन सेवामा प्रवेश गर्न न्यूनतम योग्यताको पुनर्विचार गर्ने र आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस कलेजमा प्राध्यापन गर्न विश्वविद्यालय सेवा योग्यता परीक्षण परीक्षाको व्यवस्था गर्ने उल्लेख छ । त्यसैगरी, विश्वविद्यालयको केन्द्रीय निकायहरू, विभाग र क्याम्पसहरूमा जनशक्तिको आवश्यकता पूरा गर्न र आर्थिक रूपले विपन्न वर्ग र क्षेत्रबाट आएका विद्यार्थीलाई सपोर्ट गर्न सहायतासम्बन्धी नियमावली तयार गरी विद्यार्थीलाई काममा लगाइने उल्लेख छ । त्यसैगरी, विश्वविद्यालयको पुनर्संरचना गर्न ऐन र नियमको संशोधन प्रक्रिया सुरु गर्नुका साथै उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको सुझावअनुसार विश्वविद्यालयको पुनर्संरचना गरिने प्रस्ताव पनि पारित भएको छ । त्रिभुवन विश्वविद्यालयको नीति अधिवेशनमा आफ्ना माग सम्बोधन नभएको भन्दै कर्मचारीहरूले विरोध गरेका छन् । कर्मचारीहरूले अधिवेशनले आफ्ना माग सम्बोधन नगरेको भन्दै कार्यक्रम स्थलमा नाराबाजीसमेत गरेका हुन् ।

## न्याय परिषद्...

« पृष्ठ १ बाट क्रमशः

लिएको देखिन्छ । उक्त बुँदामा नेपाल बार एसोसिएसनका तर्फबाट न्याय परिषद् सदस्य सिफारिश गर्न उपयुक्त मापदण्डसहितको कार्यविधि बनाई लागू गर्ने निर्णय गरिएको उल्लेख छ । यो निर्णयले न्यायाधीश नियुक्ति गर्ने निकाय न्याय परिषद्प्रति लक्षित भए पनि यसको असर देशभरका अदालतमा प्रत्यक्ष पर्ने देखिन्छ ।

२०४७ सालको संविधानदेखि नै न्याय परिषद्मा बारको प्रतिनिधि रहने व्यवस्था कायम छ । उक्त कुरा नयाँ संविधानले पनि स्वीकार गरेकाले बारले आफ्नो पदाधिकारी बैठकबाट नाम सिफारिश गर्ने अभ्यास गर्दै आएको छ । तर, बारमा जुन पार्टीनिकट संगठनले नेतृत्व पाउँछ सोहीनिकट कानुन व्यवसायी परिषद्को सदस्यमा सिफारिश हुँदै प्रतिनिधित्व गर्ने अभ्यास चल्दै आएको छ ।

नेपाली कांग्रेसनिकट डेमोक्रेटिक लयर्स एसोसिएसनले बारको नेतृत्व गर्दा उपेन्द्र केशरी न्यौपानेको सिफारिश भएको थियो भने पछि एमालेनिकट कानुन व्यवसायी समूहले जितेपछि रामप्रसाद श्रेष्ठ परिषद् सदस्य हुनुभएको थियो । हाल डिएलएनिकट गोपाकृष्ण घिमिरे बारको अध्यक्ष हुनुहुन्छ । बारले आफ्नो पदाधिकारी बैठक बोलाएर विगतको अभ्यासअनुसार कांग्रेसनिकट कुनै एकजना वरिष्ठ अधिवक्तालाई परिषद्को सदस्यमा सिफारिश गर्नसक्ने थियो । तर, यसपटक बारले कार्यकारिणी बैठकबाटै मापदण्ड बनाउने भनेपछि सिफारिश पेचिलो बन्ने देखिएको छ ।

## लामिछानेलाई थप...

« पृष्ठ १ बाट क्रमशः

जोडिएकी लीला पछाईलाई अदालतमा उपस्थित गराइएको छ ।

सहकारीसम्बन्धी छानविन गर्न गठित विशेष संसदीय समितिको सिफारिशमा सूर्यदर्शन सहकारी ठगी प्रकरणमा पक्राउ परेका लामिछाने सहितलाई सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धिकरणको कसुरमा अनुसन्धान भइरहेको छ । रवि संलग्न रहेका भनिएका सहकारी रहेको भन्दै पक्राउ पुर्जी जारी भएका जिल्लामा रविको बयान गराइएको छ । बुधबार मात्र रविलाई पर्सा हुँदै काठमाडौं ल्याइएको थियो ।

संसदीय समितिको प्रतिवेदनले पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, काठमाडौंको स्वर्णलक्ष्मी सहकारी संस्था, साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था, वीरगञ्जको सानोपाइला बचत तथा ऋण सहकारी संस्था र नेपालगञ्जको समानता सहकारीको रकम गोर्खा मिडियामा लगेर अपचलन गर्न रविको पनि संलग्नता देखाएको छ र ती सबै ठाउँमा रविको बयान गराइएको छ ।

अनुसन्धान करिब सकिएकाले चाँडै प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाउने प्रहरीको तयारी छ । सरकारी वकिल कार्यालयमार्फत मुद्दा दायर भएपछि अदालतबाट पुर्पक्षका लागि थुनामा पठाउने, धरौटी लिएर छाड्ने वा साधारण तारिखमा छाड्नेमध्ये एक आदेश आउनेछ । कास्की अदालते उहाँलाई धरौटी वा साधारण तारिखमा छाड्ने आदेश दिए पनि अन्यत्रका चार सहकारी ठगीमा पक्राउ पुर्जी जारी भएकाले प्रहरीले उहाँलाई हिरासतमै राख्नेछ । पाँचवटै ठाउँमा लामिछानेको बयान सकिएकाले पुर्पक्षमा राख्ने वा नराख्ने वा हिरासतमा राख्ने वा नराख्ने भन्ने निर्णय पनि अदालतको आदेशमै निर्भर हुनेछ ।

सूर्यदर्शन सहकारीबाट पाँच करोड ५८ लाख नौ हजार रुपैयाँ गोर्खा मिडियामा गएको देखिन्छ । जिबी राई नेतृत्वको देशभरका सहकारीबाट ६५ करोड प्रत्यक्ष रूपमा गोर्खा मिडिया नेटवर्कमा गएको समितिको प्रतिवेदनले देखाएको छ । समितिले गोर्खा मिडियामार्फत रकम अपचलन भएको भन्दै जिबी, रवि, छविलाल र कुमार रम्तेललाई कारबाही गर्न सिफारिश गरेको थियो । त्यसमध्ये जिबी फरारै छन् भने रवि र छविमाथि अनुसन्धान भइरहेको छ । झण्डै डेढ अर्ब अपचलन भएको सूर्यदर्शन सहकारीका कोषाध्यक्षसमेत रहेका कुमार रम्तेल भने पुर्पक्षका लागि कास्की कारागारमै थुनामा छन् ।

## संगठित अपराध...

« पृष्ठ १ बाट क्रमशः

विभिन्न आपराधिक समूहका नाममा व्यक्तिहरू परिचालन गरी धाकधम्की दिएर पैसा असुल गर्ने र ज्यान मार्न सुपारी दिने गरेको सन्दर्भमा पर्याप्त प्रमाणहरू फेला परेकाले अनुसन्धान जारी रहेको सिआइबीले जनाएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध गम्भीर आरोप लगाउँदै अभिव्यक्ति दिएपछि प्रसाईं मंसिर ४ मा भक्तपुरस्थित निवासबाट पक्राउ पर्नुभएको थियो । ओलीले कम्बोडियाको टेलिकममा लगानी गरेको भन्ने फर्जी कागज देखाउँदै उहाँले पत्रकार सम्मेलन गर्नुभएको थियो । बयानका क्रममा भने कसैले ह्वाट्सएपमा पठाएको डकुमेन्ट सार्वजनिक गर्दा आफू फसेको उहाँले बताउनुभएको थियो ।